४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ
काठमाडौ, नेपाल

प.सं.: २०७१।०७२
च.नं. :

मितिः २०७२।०१/२१

**बिषयः उद्धारकर्ता, घाईते एवं आम नागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२१ गतेसम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

## १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- आज मिति २०७२/०१/२१ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ८१ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ५२५ भन्दा बढी मेडिकल बिशेषज्ञहरु र ११९५ प्यारामेडिक्सहरु रहेका छन् ।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ ।
- आज मान्नीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट Indonesian Medical टिमलाई उद्धार तथा उपचार सन्दर्भमा सम्वोधन गर्नुभयो । काठमाण्डौं को बी.एन.बी.अस्पतालमा, त्रि.बि.शिक्षण अस्पताल र बौद्धको स्वास्थ्य शिबिरमा पुगी घाईते तथा बिरामीहरुको उद्धार तथा उपचार बारेमा अनुगमन भयो ।
- काठमाण्डौं को बी.एन.बी.अस्पतालमा आएका ३५० जना बिरामीहरु कन्सल्टेट मोबाइल क्याम्प बी.एन.बी पठाइएको र सो क्याम्पमा २०० जनाको मेजर तथा माईनर अपरेसन भएको छ ।
- त्रि.बि.शिक्षण अस्पतालमा घाईते तथा विरामीहरुको लागि आगामी दिनमा साईकोसोसियल सपोर्ट समेत गर्ने योजनामा छ ।
- Nycmedics Global Disaster Relief New York USA धादिङमा, Medical Rescue Team China Government धुलिखेल अस्पताल, लालितपुरको जाउलाखेल र BP Koirala Cancer अस्पताल भरतपुरमा, भारतीय जैन संगठन धादिङको बैरनी र काभ्रेको पाँचखालमा, Malayasian Government Rescue Team काभ्रेको भूमेटार र फँलाटेमा, शुक्रराज ट्रपिकल अस्पताल टेकुको टिम धादिङको जीवनपुर गा.बि.स.मा आज परिचालित भएका छन् ।

## २.उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ । जिल्ला स्वास्थ्य कार्यालय काभ्रे, दोलखा तथा सिन्धुपाल्चोकमा ११,००० प्याकेट जिवनजल, वीरेन्द्र अस्पताल छाउनीबाट माग भएका औषधिका साथै विभिन्न ८ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो ।
- केन्द्रिय दैवि प्रकोप उद्धारकोषबाट प्राप्त रु २ करोड २८ लाख र नेपाल सरकारको रु १ करोड ३५ लाख गरी थप ८ जिल्ला (जिल्ला स्वास्थ्य कार्यालय खोटाङ, सिन्धुली, ओखलढुङ्गा,सोलुखोम्बु, लमजुङ, कास्की स्याङजा) गरी हालसम्म ३२ वटा स्वास्थ्य संस्थाहरुलाई जम्मा रु ३ करोड ६३ लाख रुपैयाँ वजेट औषधि उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी बाँडफाँड गरेर मिति २०७१।१।१९ र २० गते नै विभिन्न स्वास्थ्य संस्थाहरुमा पठाई सकिएको छ ।
- यूनिसेफ(UNICEF) मार्फत प्राप्त भएका औषधि तथा उपकरणहरु गोरखा, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, रामेछाप र दोलखा जिल्लाहरुले प्राप्त गरिसकेको ब्यहोरा जानकारी हुन आएको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

रामशाहपथ
काठमाडौ, नेपाल

प.सं.: २०७१।०७२
च.नं. :

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२१ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ३८,८६५ रहेको छ। स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| • भक्तपुर ५६७० | • नुवाकोट ४५७१ |
| • धादिङ ८०४ | • ओखलढुङगा ९२ |
| • दोलखा २६४ | • रामेछाप १५०० |
| • गोरखा ३७२ | • रसुवा ७०० |
| • काठमाण्डौ १३७५५ | • सिन्धुली १३३ |
| • काभ्रे ५०६५ | • सिन्धुपाल्चोक १३७७ |
| • ललितपुर १८६७ | • लमजुङ १९३ |
| • मकवानपुर ३०० | • निजामती अस्पताल २२०० |

४. **महामारी रोकथामका लागि गरिएको प्रयासहरु**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारीजन्य रोगहरु रोकथामका लागि स्वास्थ्य सन्देश संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ

५. **औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय**

- संकटग्रस्त क्षेत्र घोषित जिल्लाका विभिन्न स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीका देहाय बमोजिमका स्वास्थ्यकर्मीहरु लगायत हालसम्म ९ जनालाई आफ्नो कार्यक्षेत्रमा अनुपस्थित रहेको कारणले नीजहरुलाई निलम्बन गरीएको छ:
  १.विजय यादव, अ.हे.ब., खरिबोट उपस्वास्थ्य चौकी
  २. सिता तामाङ घिमिरे, अ.न.मी., आरुआर्वाङ्ग उपस्वास्थ्य चौकी
  ३. सुब्बा बहादुर गुरुङ्ग, अ.हे.ब., पन्द्रुङ उपस्वास्थ्य चौकी
  ४.मिना कुमारी गुरुङ्ग, अ.हे.ब., आरुआर्वाङ्ग उपस्वास्थ्य चौकी
  ५.सरस्वती सुवेदी, अ.हे.ब., लापु उपस्वास्थ्य चौकी
  ६.विनिता कुमारी पूर्वे, अ.न.मी., वोर्लाङ स्वास्थ्य चौकी
  ७. कुमारी उषा किरण, अ.न.मी., सौरामानी स्वास्थ्य चौकी
  ८.करुणा श्रेष्ठ, अ.हे.ब., वोर्लाङ स्वास्थ्य चौकी
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४४ आजदेखि संचालनमा ल्याएको छ। यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथि दिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।

६. **मृत्यु भएका स्वास्थ्यकर्मीहरुको बिबरण:**

हालसम्म भूकम्पबाट प्रभावित भै मृत्यु भएका स्वास्थ्यकर्मीहरुको विवरण देहाय बमोजिम छ:

१. चन्द्र श्रेष्ठ, DTLA, सातौं तह, जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौं
२. बिजया शर्मा श्रेष्ठ, अ.न.मी., छैटौं, बीर अस्पताल, काठमाण्डौं
३. राम कुमारी अधिकारी, अ.न.मी., पाँचौ, मार्षम हे.पो. धादिङ
४. शारदा घिताल, अ.न.मी., पाँचौं, समुन्द्रटार हे.पो. नुवाकोट

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय